नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

बुटवल, रुपन्देही

फोन
०७१४४५५७४-
ईमेल-
dri.butwal@gmail.com
/butwal@dri.gov.np

प.स.:-०८१/८२(लिलाम)
च.नं.

## मालवस्तु लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ (सात) दिने सूचना

(प्रकाशित मितिः- २०८२/०३/२०)

राजस्व चुहावटको कसुरमा पक्राउ परी बिभिन्न मितिमा यस कार्यालयमा दाखिला भएका तपसिलमा उल्लेखित मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन ) को दफा ३२ तथा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम लिलाम बिक्री गर्न यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुनअनुसार दर्ता भएका ईच्छुक फर्म तथा कम्पनी, संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा लेखिएका सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ । बोलपत्र फारम यस कार्यालयको लिलाम शाखाबाट खरिद गर्न सकिने छ । साथै आफूले कवोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम कृषि विकास बैंक, भैरहवामा रहेको को.ले.नि.का. भैरहवाको धरौटी खाता नं ०४१४३०१०१४२५३०२७ मा जम्मा गरी सो को सक्कल भौचर बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको लिलाम शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ । साथै यो सूचना राजस्व अनुसन्धान विभाग को वेभसाईट **www.dri.gov.np** मा समेत हेर्न सकिनेछ ।

### तपसिल

| सि. नं. | सूचना दर्ता नं. | मालवस्तुको विवरण | इकाई | परिमाण | मूल्याङ्कन समितिबाट कायम कुल मूल्य( मु.अ.कर बाहेक) रु. | राजस्व अनुसन्धान विभागबाट स्वीकृत प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | १६ - ०७९/८० | मोबाइलको टेम्पर्ड ग्लास (प्रति कार्टुन १५ केजी) | कार्टुन | १६ | १६१९११।- | २०७९/१०/१९ को निर्णय | |
| | | मोबाइलको टेम्पर्ड ग्लास (प्रति कार्टुन १२ केजी) | कार्टुन | ५३ | | | |
| | | फेदर भुवा | केजी | ५० | | | |
| | | | | | | | |
| २ | ६८- ०८०/८१ | मोवाईल टेम्पर ग्लास (१६ कार्टुन) | के.जी. | २३५ | ९६६३५।- | मिति २०८०/१२/१९ को निर्णय | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | २६/०८१/०८२ | तयारी पर्दा | पिस | ११ | ३७२६।- | २०८१/१०/३० को निर्णय | |
| | | लेडिज कुर्ता सुरवाल | पिस | ९ | | | |
| | | अन्यरेसा साडी साधारण | पिस | ४ | | | |
| | | तन्ना | पिस | ३ | | | |
| | | | | | | | |
| ४ | २९/०८१/०८२ | लेडिज जुत्ता | जोर | १० | ७२४०।- | २०८१/१०/३० को निर्णय | |
| | | किचन जुत्ता | जोर | ९ | | | |
| | | लेडिज चप्पल | जोर | ४ | | | |
| | | बच्चाको जुत्ता | जोर | ४ | | | |
| | | लेडिज कटराईज पाईन्ट | पीस | ४ | | | |
| | | लेडिज सल | पीस | ८ | | | |
| | | पन्जा | जोर | १५ | | | |
| | | सानो लेडिज व्याग | पीस | ५ | | | |
| | | लेडिज मोजा | जोर | ८ | | | |
| | | जेन्स साईड व्याग | पीस | ८ | | | |
| | | बच्चाको मोजा | जोर | ८ | | | |
| | | लेडिज ब्रा | पीस | १२ | | | |
| | | बच्चाको उनी टोपी | पीस | ८ | | | |
| | | बाक्लो लेडिज मोजा | जोर | १२ | | | |
| | | लेडिज स्ल्याक्स | पीस | २ | | | |
| | | बच्चाको पन्जा | जोर | १२ | | | |
| | | लेडिज सल बाक्लो | पीस | २ | | | |
| | | जेब्रा झोला | पीस | १५ | | | |
| | | जेन्स उनी टोपी | पीस | ४ | | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही
स्थापित २०५०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बच्चाको हाईनेक | पीस | ५ | | | |
| | | जेन्स फूल टिसर्ट | पीस | ७ | | | |
| | | बच्चाले लगाउने टिसर्ट | पीस | १० | | | |
| | | बाक्लो लेडिज टिसर्ट | पीस | १० | | | |
| | | लेडिज हाईनेक. | पिस | ३ | | | |
| | | बच्चाको हुड | पिस | ५ | | | |
| | | जेन्स उनीसर्ट | पीस | १ | | | |
| | | बच्चाको उनीको सुरवाल | पीस | ५ | | | |
| | | लेडिज ट्रउजर | पीस | ७ | | | |
| | | | | | | | |
| ५ | ८६ ०८२/०८१/ | टिसर्टभेष्ट / | पिस | ३०५ | ३४२७८२।- | २०८२/०१/२८ को निर्णय | पहिलो पटक |
| | | लेडिज टप्स सेट | पिस | १२१ | | | |
| | | लेडिज टप्स | पिस | ५७६ | | | |
| | | | | | | | |
| ६ | ९९/०८१/० ८२ | सुती प्रिन्ट साडी | पिस | ३५५ | १८०४११० ।- | २०८२/०२/०८ को निर्णय | पहिलो पटक |
| | | लेडिज कुर्ता सुरुवाल ईम्ब्राइडरी गरेको | पिस | ६८९ | | | |
| | | सुती पपलिन कपडा | मिटर | ६७० | | | |
| | | रुबिया कपडा | मिटर | २०८ | | | |
| | | लेडिज टप्सकुर्ती सेट/ | सेट | १७७६ | | | |
| | | बेड सिट | पिस | १६ | | | |
| | | ड्रेस मेटेरियल कपडा | मिटर | २० | | | |
| | | लेडिज कर्ड सेट | सेट | ८७ | | | |
| | | कटन वाईट ब्लिच कपडा | मिटर | ३५५ | | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही
स्थापित २०५०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सुती प्रिन्ट साडी | पिस | २१४ | | | |
| | | लेडिज कुर्ता सुरुवाल ईम्ब्राइडरी गरेको | पिस | २० | | | |
| | | सुती पपलिन कपडा | मिटर | २२० | | | |
| | | रुबिया कपडा | पिस | २० | | | |
| | | सुती प्रिन्ट साडी | पिस | १२ | | | |
| | | लेडिज कुर्ता सुरुवाल ईम्ब्राइडरी गरेको | पिस | २३ | | | |
| | | सुती पपलिन कपडा | पिस | १२ | | | |
| | | रुबिया कपडा | पिस | ३७ | | | |
| | | लेडिज टप्सकुर्ती सेट/ | पिस | २० | | | |
| | | बेड सिट | पिस | १० | | | |
| | | ड्रेस मेटेरियल कपडा | पिस | ५ | | | |
| | | | | | | | |
| | | लेडिज स्लिपर | जोडा | ७७५ | | | |
| | | चिनी | के.जी. | ४५० | | | |
| | | मोजा | जोडा | २१०० | | | |
| | | टपसेट | पिस | १३८ | | | |
| | | वालपेपर | मिटर | १२० | | | |
| ७ | | ग्रीन ग्रास | मिटर | २५ | ६२१२३२।- | २०८२/०२/१२ को निर्णय | पहिलो पटक |
| | १०२/०८१/०८२ | जेन्स कट्टु | पिस | ७१० | | | |
| | | चिनी | के.जी. | ३०० | | | |
| | | लेडिज कुर्ता सुरुवाल | पिस | ३५ | | | |
| | | कुर्ता सुरुवाल जयपुरी | पिस | ४ | | | |
| | | अन्यरेशा साडी प्रिन्ट | पिस | ५२ | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राजस्व अनुसन्धान विभाग राजस्व अनुसन्धान कार्यालय बुटवल, रुपन्देही स्थापित २०५०

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही
स्थापित २०५०

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ड्रेस मेटेरियल कपडा | पिस | ७० | | | |
| | | ड्रेस मेटेरियल कपडा इम्ब्राइडरी | मिटर | ४० | | | |
| | | जेन्स लुङ्गी | पिस | २० | | | |
| | | लेडिज प्लाजो | पिस | ३० | | | |
| | | लेडिज टपसेट | पिस | २२९ | | | |
| | | लेडिज टप्स | पिस | ८ | | | |
| | | जेन्टस सर्ट | पिस | १५५ | | | |
| | | सुती साडी | पिस | १५ | | | |
| | | कुर्ता सुरुवाल कपडा | पिस | १५ | | | |
| | | सुती प्लेन कपडा | पिस | ६० | | | |
| | | ईम्ब्रोईडरी भेल्भेट कपडा | मिटर | ४० | | | |
| | | अन्यरेशा प्रिन्ट कपडा | मिटर | ४० | | | |
| | | भेल्भेट कपडा सादा | मिटर | 20 | | | |
| | | कोरियन सिल्क कपडा | मिटर | ६८ | | | |
| | | जर्जेट कपडा | मिटर | ८० | | | |
| | | पपलिन कपडा | मिटर | २४ | | | |
| | | | | | | | |
| ८ | १०७/०८१/०८२ | चिनी | के.जी. | २५० | १७८५५१।- | २०८१/१२/२२ को निर्णय | |
| | | लसुन | के.जी. | १३६५ | | | |
| | | लेडिज टप्स | पिस | ४५ | | | |
| | | कुर्ता सुरुवाल | पिस | ३८ | | | |
| | | लेगिज | पिस | ६ | | | |
| | | सुति साडी | पिस | १ | | | |
| | | | | | | | |

शर्तहरु

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित मुल्य रु दश लाख सम्मको लागि रु १००० (एक हजार) र दश लाख भन्दा माथिका लागि रु २००० (दुई हजार) फिर्ता नहुने गरि बैंक भौचर संलग्न गरि लिलाम शाखाबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा बोलपत्र फारम खरिद गर्न सकिनेछ । अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

२. आफूले कबोल गरेको बोलपत्र सम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले बोलपत्रमा सहिछाप गरि सिलवन्दी गरी खाम बाहिर श्री प्रमुख अनुसन्धान अधिकृत, राजस्व अनुसन्धान कार्यालय, बुटवल सुचना नं उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरु सोही दिन दिनको ४:०० बजे कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रत्येक सूचना नं. को छुट्टाछुट्टै बोलपत्र पेश गर्नुपर्नेछ ।

४. आफूले कबोल गरेको रकमको १० % (दश प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम कृषि विकास बैंक भैरहवामा रहेको को.ले.नि.का. भैरहवाको धरौटी खाता नं ०४१४३०१०१४२५३०२७ मा कार्यालय कोड ३०१०५४८०१ मा जम्मा गरि सो को सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ ।

५. बोलपत्र फाराममा आफूले कबोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र बाँकी रकम र मु.अ.कर समेत बुझाई गोदामबाट मालवस्तु उठाई सक्नु पर्नेछ ।

७. मालसामानहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट ७ दिन सम्म कार्यालय समयभित्र हेर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजात खरिद गर्नेहरुले मात्र मालसामानहरु हेर्न सक्नेछन ।

८. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु क्रमश सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. यस कार्यालयको धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

१०. रासायनिक मलको हकमा प्यानमा दर्ता भएको फर्म वा कृषि सहकारी संस्था पनि जसले रासायनिक मलको कारोवार गर्न सम्बन्धित निकायबाट स्वीकृति प्राप्त इजाजतपत्र प्राप्त गरेको छ उक्त फर्म/ कृषि सहकारी संस्थाले बोलपत्र खरिद गर्न सक्नेछ र बोलपत्र खरिद गर्दा आबश्यक कागजातको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११. बोलपत्र स्वीकृति गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ, अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही
स्थापित २०५०